हिमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ८ मिति : २०..........

भाग–२

## हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# स्थानीय तहबाट कार्यान्वयन हुने CTEVT अनुदान संचालन कार्यविधि २०८०

**प्रस्तावानाः**

सविधानतः राज्यशक्तिको बाँडफाँड भई स्थानिय तहले प्राप्त गरेको अधिकार एंव स्थानिय सरकार संचालन ऐन २०७४ को प्रावधान बमोजिम शिक्षा यूवा तथा खेलकुदको विकास, यसको व्यावस्थापन (गाउँपालिका,प्रदेश र सघंको) अनुदान कार्यक्रमको संचालन, अनुगमन र सोको नियमन सम्वन्धि अधिकार जिम्वेवारी स्थानिय सरकारमा निहित रहेको छ। गाउँपालिकामा सिप यूक्त प्राविधिक जनशक्तीको विकास गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको निति निर्माण तथा समन्वयका लागी गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद विकास शाखाले दिगो विकासको लक्ष्य लिएको छ। यसै गरि नेपालको वर्तमान संविधान,दिगो विकास लक्ष्य राष्ट्रिय शिक्षा निति २०७६ तथा प्राविधिक तथा व्यावसायिक शिक्षा एंव पन्ध्रौ योजनाले दिशा निर्देश गरे अनुसार स्थानिय तहबाट कार्यान्वयन हुने CTEVT अनुदान संचालन कार्यविधि २०८० तयार गरिएको हो। नेपालको संविधानले निर्देशित गरे बमोजिम विद्यमान संरचनागत,नितिगत एंव कानुनि व्यावस्था समेतलाई मध्यनजर गर्दै यस गाउँपालिकामा सामुदायिक,सार्वजनिक तथा निजि साझेदारिमा रहेका विद्यालयहरुको ०अनुगमन,व्यावस्थापन र नियमन सम्वन्धमा मार्ग निर्देशन गर्न वान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को खण्ड "ज" (२ र ३) ले दिएको अधिकार प्रयोग गरी "स्थानिय तहबाट कार्यान्वयन हुने CTEVT अनुदान संचालन कार्यविधि २०८०" जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः "स्थानिय तहबाट कार्यान्वयन हुने CTEVT अनुदान संचालन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले नामः "स्थानिय तहबाट कार्यान्वयन हुने CTEVT अनुदान संचालन कार्यविधि २०८०" सम्झनु पर्दछ।

ख) गाउँपालिका भन्नाले " हिमा गाउँपालिकालाई सम्झनु पर्दछ"।

ग) "वडा" भन्नाले हिमा गाउँपालिका अन्तर्गतका वडा सम्झनु पर्दछ।

घ) "शाखा" भन्नाले हिमा गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

ङ) "मन्त्रालय" भन्नाले शिक्षा युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

च) "प्रादेशिक मन्त्रालय" भन्नाले कर्णाली प्रदेशको शिक्षा युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ

छ) "निजि विद्यालय" भन्नाले कानुन बमोजिम दर्ता भई पालिका स्तरमा शिक्षा कर्म, शिक्षा प्रविधि एंव शिक्षा प्रसारमा संलग्न निजि कम्पनि आदिलाई सम्झनु पर्दछ ।

ज) "सामुदायिक विद्यालय" भन्नाले कानुन बमोजिम दर्ता भई समुदाय मार्फत शिक्षा कर्म, शिक्षा संचालन व्यावस्थापन आदिलाई सम्झनु पर्दछ ।

झ) "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकारबाट संचालन भई आएको विद्यालयलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्;

क) हिमा गाउँपालिका भित्र समावेशी एंव समतामुलक पहुँजको शुनिश्चितता हुने गरि प्राविधिक व्यावसायिक शीक्षा कार्यक्रमको विस्तार ।

ख) प्राविधिक तथा व्यावसायिक शिक्षा प्राणालिमा गुण स्तर,सन्दर्भिकता, दिगो लगानी तथा प्रविधको शुनिश्चितता हुने ।

ग) उद्योग व्यावसाय,रोजगारदाता, संघ सस्थाहरु विच समन्वय,सहकार्य र सुमधुर सम्वन्ध विस्तार ।

घ) प्रभावकारी र कुशल व्यावस्थापन मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा एंव तालिम प्रणालीको विस्तार ।

**४. अनुदान प्राप्तगर्ने शिक्षालयको योग्यताः**

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्वन्धन लिई प्री डिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम संचालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामुलक संगठित संस्था भएको ।

ख) हाल शिक्षण भैरहेको सेमेस्टारमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटोमा कम्तिमा पचास प्रतिशत रजिष्ट्रेशन कायम भएको ।

ग) तोकिएको कार्यक्रमको उचित व्यावस्थापन भएको हुनु पर्ने ।

## ५. अनुदान लिने प्रक्रिया

क) प्राविधिक शिक्षा कार्यक्रम सञ्चालनका लागी स्थानिय तहमा अनुदान माग गर्ने सम्बन्धि विषयमा शिक्षालयको सञ्चालन समिति वा व्यवस्थापन समितिको निर्णय भएको हुनु पर्ने छ ।

ख) शिक्षालयको शिक्षालयको सञ्चालन समिति वा व्यवस्थापन समितिको निर्णयको आधारमा अनुदान रकम किटान गरि स्थानिय तहलाई सम्वोधन गरि अनुदान रकम माग गर्नु पर्ने छ ।

ग) यसरी निर्णय भई आएका विद्यालयहरुको अवस्था,जटिलता र गाउँपालिका अध्यक्षको अध्यक्षतामा बैठक बसि माग सम्वोधन गर्नु पर्ने छ ।

## ६. अनुदान रकम माग गर्ने शिक्षालयले संलग्न गर्नु पर्ने आवश्यक कागजात

क) प्राविधिक शिक्षा कार्यक्रम प्रशिक्षका लागी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र परिषदले प्रदान गरेको सम्वन्धन वा स्वीकृत वा अनुमति पत्रको प्रतिलिपि ।

ख) विद्यालयको अघिल्लो आर्थिक बर्षको अन्तिम लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।

ग) हाल शिक्षण भईरहेको समेस्टर बर्षमा रजिष्ट्रेशन नम्बर खुल्ने गरि विद्युतिय प्राणालिबाट जारि भएको प्रतिवेदन ।

घ) प्रशिक्षक, प्रशिक्षार्थी,भौतिक अवस्था,प्रयोगात्मक स्थल ,शिक्षालय औद्योगिक प्रतष्ठान सम्बन्धन,उत्तिर्ण प्रशिक्षार्थीको रोजगारिको अवस्था,लगाएतका विषयवस्तु खुल्नेगरि तयार गरिएको शिक्षालयको संक्षिप्त विवरण सहितको प्रतिवेदन ।

ङ) अन्तिम परिक्षामा सामेल भएका प्रशिक्षार्थीको विवरण वा मार्क लेजर ।

च) अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम बाँड फाँडको विवरण ।

## ७. अनुदान रकम माग गर्ने शिक्षालयले संलग्न गर्नु पर्ने आवश्यक कागजात

क) उपदफा (२) र (४) बमोजिमको शिक्षालयको योग्यता र संलग्न कागजातहरूको जाँच गर्ने ।

ख) योगता पुगेका शिक्षालयहरुबाट उपदफा (३) बमोजिम कागजात संलग्न राखि अनुदान माग गरेका शिक्षालयहरुले अनुदान रकमको सदुपयोग हुने/नहुने सुनिश्चता गर्ने ।

ग) उपदफा (ख) बमोजिम अनुदानको लागी उपयुक्त देखिएमा प्रति शिक्षालयलाई आवश्यकता अनुसार शिक्षालयको खातामा अनुदान रकम उपलब्ध गराउनु पर्ने छ ।

## ८. अनुदान रकमको उपयोगः

१) अनुदान रकमको परिचालन र लेखाङ्कन गर्ने गराउने दायित्व शिक्षालय प्रमुखको हुनेछ ।

२) अनुदान रकम देहायका क्षेत्रमा परिचालन लागु  गर्न सकिनेछ ;

   क) प्रशिक्षक पारिश्रमिक ।

   ख) बिषयगत औजार,उपकरण,दैनिक प्रशिक्षण सामाग्री ।

   ग) प्रयोगात्मक अभ्यासको सुनिश्चता हुने अन्य क्रियाकलापहरु ।

   घ) शैक्षिक भ्रमण,संचार,सुचना प्रकाशन,अतिथि सत्कार र खन्य क्रियाकलापहरु ।

## ९. विविधः

क) अनुदान रकम परिचालन सम्बन्धि सम्बन्धित स्थानिय तह,परिषदका प्रदेश कार्यालय र परिषद् कार्यालयले एकल वा संयुक्त रुपमा अनुगमन गर्न सक्नेछ ।

ख) अनुदान रकमको दुरुपयोग वा हिनामिना भएको पाईएमा दामकाम गर्ने कर्मचारी वा व्यक्तिबाट बार्कि सरह असुल हुने छ ।